# कोभिड विशेष कृषि कार्यक्रम, २०७७

**भूमिका :** कोरोना भाईरस "कोभिड १९" को विश्वव्यापी महामारीबाट सिर्जित लकडाउनका कारणबाट खाद्यान्न तथा तरकारी बालीहरु, दुध मासु र अण्डामा कृषकहरुले नोक्सान व्यहोर्नु परेको र खाद्य सुरक्षाका दृष्टिकोणले आगामी दिनमा खाद्यवस्तु उत्पादनमा कृषकहरुलाई प्रोत्साहन गरी उत्पादन कार्यलाई निरन्तरता दिन तथा ग्रामीण रोजगारी, आयआर्जन र खाद्य सुरक्षाको लागि कोरोना विशेष कृषि कार्यक्रम सञ्चालन गर्न वाञ्छनीय भएकोले यो कार्यक्रम प्रस्ताव गरिएको छ।

<u>परिभाषा</u>

(क) "अनुदान" भन्नाले प्रदेश नं. ५ को अनुदान व्यवस्थापन एकिकृत मार्गदर्शन, २०७६ मा उल्लेख भएको अनुदान सम्झनु पर्छ र सो शब्दले कोभिड विशेष कृषि कार्यक्रम अन्तर्गत सञ्चालन गरिने कार्यक्रमहरुको लागि कार्यालयबाट उपलब्ध गराईने प्रोत्साहन रकम र राहत समेतलाई बुझाउँछ।

(ख) "अनुदानग्राही" भन्नाले कोभिड विशेष कृषि कार्यक्रमबाट अनुदान प्राप्त गर्ने कृषक, उद्यमी, समूह, सहकारी, फर्म/कम्पनी र भारत लगायत अन्य देशबाट फर्केका बेरोजगार व्यक्तीलाई सम्झनु पर्छ।

(ग) "कार्यक्रम" भन्नाले कोभिड विशेष कृषि कार्यक्रम अन्तर्गतका सात वटा कार्यक्रमहरुलाई सम्झनु पर्छ।

(घ) "कृषि" भन्नाले तरकारी, फलफुल, पुष्प, मसला वाली, मौरीपालन, रेशमखेती र च्याउ खेती, पशुपन्छीपालन सम्झनु पर्छ।

(ङ) "कार्यालय" भन्नाले कार्यक्रम सञ्चालन गर्ने भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहतको निकाय र स्थानीय तहलाई सम्झनु पर्छ।

(च) "निर्देशनालय" भन्नाले कृषि क्षेत्रको हकमा कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य क्षेत्रको हकमा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले प्रदेश नं. ५, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(ज) "राहत" भन्नाले कोभिड प्रभावित कृषक परिवारलाई यस विशेष कार्यक्रम अन्तर्गत उपलब्ध गराईने राहत सुविधालाई सुविधा सम्झनु पर्छ।

(झ) "लकडाउन" भन्नाले कोरोना भाईरस "कोभिड-१९" को विश्वव्यापी महामारीबाट सिर्जित बन्दाबन्दीलाई सम्झनु पर्छ।

(ञ) "स्थानीय तह" भन्नाले उप-महानगरपालिका, नगरपालिका तथा गाउँपालिकालाई सम्झनु पर्छ।

परिच्छेद-१

## <u>कोभिड विशेष कृषि कार्यक्रम, उद्देश्य तथा समिति सम्बन्धी व्यवस्था</u>

१. <u>उद्देश्यहरु:</u> कार्यक्रमका उद्देश्यहरु देहायबमोजिम रहेका छन् :-

(क) कोरोना भाईरस "कोभिड १९" बाट कृषि क्षेत्रमा प्रतिकूल असर परेको क्षेत्रमा राहत रकम वा अनुदान उपलब्ध गराउने,

(ख) कोरोना भाईरस "कोभिड १९" को महामारीवाट कृषि तथा पशुपन्छी क्षेत्रको लगानीमा नकारात्मक असर पर्न र उत्पादनमा ह्रास आउन नदिन सहयोग कार्यक्रम गर्ने,

(ग) कोरोना भाईरस "कोभिड १९" को महामारीवाट बाली वस्तु विशेष र पशुपन्छीपालनमा उत्पादन कार्यदेखि बजारीकरणको अवस्थासम्म भएको कुनै पनि क्षतिबाट कृषकमा पर्न जाने जोखिम व्यवस्थापन गर्न सहयोग गर्ने र

(घ) कृषकहरुलाई कृषि पेशावाट पलायन हुने अवस्था रोकी कृषि क्षेत्रमा दीगोपना ल्याउने।

२. <u>कोभिड विशेष कृषि विकास कार्यक्रम</u> : कोभिड विशेष कृषि कार्यक्रम अन्तर्गत देहाय बमोजिमका कार्यक्रम सञ्चालन गरिनेछ :-

(क) कृषि एम्बुलेन्स सञ्चालन कार्यक्रम,

(ख) बेमौसमी आलु खेती प्रवर्द्धन कार्यक्रम,

(ग) कोभिड लक्षित व्यावसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम,

(घ) विदेशबाट फर्केका र व्यवसाय उन्मुख कृषकहरुलाई कृषि विकास प्रोत्साहन कार्यक्रम,

(ङ) दुग्ध उत्पादक कृषकलाई राहत अनुदान कार्यक्रम,

(च) मासु उत्पादनको लागि कुखुरापालन गर्ने साना कृषकहरुलाई प्रोत्साहन अनुदान,

(छ) बालीको उत्पादन र उत्पादकत्व वृद्धिका लागि बीउ उत्पादक समूह वा सहकारीलाई प्रोत्साहन कार्यक्रम,

३. <u>निर्देशक समिति</u> : (१) कार्यक्रम सञ्चालनको लागि नीतिगत व्यवस्था तथा समस्या समाधानको सम्बन्धमा आवश्यक निर्देशनका लागि देहाय बमोजिमको निर्देशक समिति रहनेछ :-

| | | | |
|---|---|---|---|
| (क) | मन्त्री | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | अध्यक्ष |
| (ख) | सचिव | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| (ग) | प्रमुख | प्रशासन तथा सहकारी महाशाखा, मन्त्रालय | सदस्य-सचिव |

(२) निर्देशक समितिले आवश्यकता अनुसार बढीमा २ जना विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

४. <u>कार्यक्रम व्यवस्थापन समिति</u> : (१) यस कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति रहनेछ :-

| | |
|---|---|
| (क) सम्बन्धित कार्यालयको कार्यालय प्रमुख | अध्यक्ष |
| (ख) कार्यक्रम सञ्चालन गर्ने शाखा प्रमुख | सदस्य |
| (ग) योजना शाखा प्रमुख | सदस्य |
| (घ) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (ङ) सम्बन्धित कार्यक्रम हेर्ने शाखाको अधिकृत वा प्राविधिक | सदस्य सचिव |

(४) कार्यक्रम व्यवस्थापन समितिले आवश्यकता अनुसार बढीमा २ जना विज्ञ, विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

५. <u>कार्यक्रम व्यवस्थापन समितिको काम र कर्तव्य</u> : कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम सञ्चालनको लागि सूचनाद्वारा प्रस्ताव आह्वान गर्ने,

(ख) प्राप्त प्रस्तावहरुको मुल्याङ्कन गर्ने, गराउने,

(ग) कार्यक्रम सञ्चालनको लागि अनुदान रकम स्वीकृत गर्ने,

(घ) छनौट भएका प्रस्तावकसँग सम्झौता गर्न कार्यालयलाई सिफारिस गर्ने,

(ङ) प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालालाई राय सुझाव दिने।

६. <u>कार्यक्रम कार्यान्वयन प्रक्रिया</u> : (१) यो कार्यक्रम प्रदेश नं. ५ को अनुदान व्यवस्थापन एकिकृत मार्गदर्शन, २०७६ अनुसार कार्यान्वयन गरिनेछ।

(२) यस कार्यक्रम अन्तर्गत अनुदान प्राप्त गर्ने अनुदानग्राहीले अनूसूची-५ बमोजिम सम्झौता गर्नु पर्नेछ। तर कृषि एम्बुलेन्स सञ्चालन कार्यक्रमको हकमा यो बुँदा लागू हुने छैन।

७. <u>अनुगमन तथा मूल्याङ्कन</u> : यस कार्यक्रमहरुको अनुगमन प्रदेश सभाको विषयगत समिति तथा सम्बन्धित क्षेत्रका माननीय सदस्यहरु, मन्त्रालय, निर्देशनालय र मातहतका कार्यालयबाट समेत गरिनेछ।

## परिच्छेद-२

## <u>कृषि एम्बुलेन्स सञ्चालन कार्यक्रम</u>

८. <u>पृष्ठभूमी</u> : लकडाउनका कारण सवारी साधनहरु निर्वाध रुपले चल्न नसकेको र उत्पादन स्थलमा ताजा उत्पादन खेर गई कृषकहरुले बजार नपाएको अवस्था रहेको छ। यो कार्यक्रम सञ्चालन भएमा उपभोक्ताले उत्पादन र उत्पादन सामग्रीहरु सरल र सहज तरिकाले फार्म मूल्य वा कृषकले बेचेको दरमा पाउनेछन्। स-साना कृषकहरु सार्वजनिक सवारी प्रयोग गर्न नपाउदा आफ्नो उत्पादन बारीमा नै फाल्नु पर्ने अवस्थाको सिर्जनाको अन्त हुनेछ। साना तथा पहुँच नभएका कृषकहरु कृषि तथा पशुजन्य उत्पादन र उत्पादन सामग्रीहरु बजारसम्म ल्याउन र शहरी क्षेत्रका उपभोक्ताहरुलाई उचित मुल्यमा उत्पादन र उत्पादन सामग्रीहरु उपलब्ध गराउने हेतुले आवश्यकता अनुसार कृषि एम्बुलेन्सहरु सञ्चालन भएको हुनु पर्नेछ।

९. <u>कार्यक्रम सञ्चालनको कार्यक्षेत्र</u> : कार्यक्रम लागु हुने स्थान प्रदेश अन्तर्गत १२ जिल्लाहरु (पूर्वी रुकुम, रोल्पा, प्युठान, अर्घाखाँची, गुल्मी, पाल्पा, बर्दिया, बाँके, दाङ्ग, कपिलवस्तु, रुपन्देही र पश्चिम नवलपरासी) हुनेछन।

१०. <u>कार्यक्रम सञ्चालन प्रक्रिया:</u> (१) यो कार्यक्रम सम्बन्धित कृषि ज्ञान केन्द्र र पशु सेवा विज्ञ केन्द्र मार्फत सोझै कृषकको माग बमोजिम सञ्चालन गरिनेछ।

(२) कार्यालयले कार्यक्रम स्वयम् वा कुनै सहयोगी संस्थाको साझेदारीमा पनि सञ्चालन गर्न सक्नेछ। साझेदारीको अवस्थामा खर्चको व्यवस्था गरिने छैन तर सहजीकरण गरिनेछ।

(३) सम्भव भएसम्म ग्रामीण क्षेत्रमा खासगरी आफ्नो ढुवानी साधन नभएका कृषकहरुले उत्पादन गरेका नाशवान ताजा उत्पादन र उत्पादन सामग्रीहरु बजारसम्म पुऱ्याउन उपलब्ध भएसम्म सरकारी पिकअप गाडीहरु नै कृषि एम्बुलेन्सको रुपमा परिचालन गरिनेछ।

(३) मन्त्रालयले कृषक समूह तथा सहकारीहरुलाई ढुवानी साधनको लागि अनुदान सहयोगमा उपलब्ध गराएका ३४ वटा पिकअप गाडी मध्येबाट कृषि एम्बुलेन्सको रुपमा परिचालन गरिनेछ।

(४) कार्यालयले आवश्यकता अनुसार कृषकको माग अनुसार अभिलेख राखी कृषि एम्बुलेन्स सञ्चालनमा ल्याउनु पर्नेछ।

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

११. <u>कार्यक्रमको खर्च मापदण्ड</u> : (१) कृषि एम्बुलेन्स प्रयोग भएका साधनहरु न्यूनतम शुल्क र चालक खर्च तथा इन्धन खर्च उपदफा (३) बमोजिम दिई परिचालन गरिनेछ।

(२) सरकारी साधन प्रयोग गर्दा कार्यालयले इन्धन र चालकको खाजा खर्च मात्रै खर्च गर्नेछ।

(३) सरकारी साधनले नपुगेको अवस्थामा विगतमा मन्त्रालय र मातहत निकायबाट अनुदानमा उपलव्ध भएका ३४ वटा पिकअप गाडी मध्ये औसत २० दिनको लागि परिचालन गर्दा दैनिक रु. ५,००० (अक्षरुपी पाँच हजार) को दरले रु ३४,००,००० (अक्षरुपी चौतिस लाख) खर्च हुनेछ।

१२. <u>भुक्तानी प्रक्रिया</u> : (१) परिचालन भएका पिकअप गाडीहरुको छुट्टाछुट्टै लगबुक अनिवार्य रुपमा राख्नु पर्नेछ।

(२) परिचालित पिकअपहरुले पाउने आवश्यक रकम ढुवानी गराउन चाहने कृषक, बिक्री स्थान र चालकको विवरणको अभिलेख दुरुस्त राखी कार्यालयले भुक्तानी गर्नु पर्नेछ।

(३) समूह वा सहकारीहरुको पिकअप गाडीहरु परिचालन गर्दा दैनिक बढीमा रु २,००० (अक्षरुपी दुई हजार) भाडा वापत, रु १,००० (अक्षरुपी एक हजार) चालक भत्ता वापत र बढीमा रु २,००० (अक्षरुपी दुई हजार) सम्म इन्धन वापत दूरीको हिसाबले प्रति पिकअप परिचालन गर्दा बढीमा रु ५,००० (अक्षरुपी पाँच हजार) सम्म खर्च रकम भूक्तानी गरिनेछ।

(४) कुनै पिकअप गाडी पटके रुपमा मात्र प्रयोग गर्दा ढुवानी गर्ने दुरी र मितव्ययी ढंगले सकेसम्म कम रकममा परिचालन हुने गरी भुक्तानी गर्नु पर्नेछ।

(५) यो कार्यक्रम मिति २०७६/१२/११ मा लकडाउन शुरु भएदेखि नै प्रारम्भ भएको हुँदा हालसम्म यस कार्यक्रममा भएको खर्च समेत यसै कार्यक्रमको बजेटबाट व्यहोरिने छ।

## परिच्छेद-३

## <u>वेमौसमी आलु खेती प्रवर्द्धन कार्यक्रम</u>

१३. <u>पृष्ठभूमी</u> : खाद्य उत्पादनको सबै उपाय अवलम्बन गरी खाद्य उत्पादन नबढाउने हो भने भविष्यमा खाद्य संकट पर्न सक्ने देखिएकोले खासगरी खाद्य उत्पादनमा नकारात्मक असर पर्ने पहाडी जिल्लाहरुमा कार्यक्रम छनौट गरी सञ्चालन गर्नु पर्नेछ। यस कार्यक्रमबाट करिव ५०० जनालाई समेटेर अनुमानित २,००० रोपनीमा आलु खेती विस्तार गरी करिब २,००० टन उत्पादन र रु ६,००,००,००० (अक्षरुपी छ करोड) को आयआर्जन गर्न सकिनेछ। यस कार्यक्रम मार्फत कोभिड-१९ को कारण विदेशबाट फर्केका पहाडी जिल्लाका युवा जनशक्तिलाई पनि रोजगारी सिर्जना हुनेछ।

१४. <u>कार्यक्रम सञ्चालनको कार्यक्षेत्र</u> : यो कार्यक्रम रुकुम, रोल्पा, प्युठान र गुल्मी जिल्लाका सम्भाव्य स्थानीय तहहरुमा लागू हुनेछन्।

१५. <u>कार्यक्रम सञ्चालन प्रक्रिया</u> : (१) यो कार्यक्रम कृषि ज्ञान केन्द्रहरुबाट स्थानीय तहको समन्वयमा सञ्चालन हुनेछ।

(२) कार्यालयले अनुसूची-१ बमोजिमको सूचना आवश्यकता अनुसार टाँस वा प्रकाशन गरी अनुसूची-३ र ४ बमोजिमको निवेदन र प्रस्ताव बमोजिम स्थानीय तहको समन्वय र सिफारिसमा कृषक छनौट गर्नेछ।

(३) कृषि ज्ञान केन्द्रले बीउको लागि आवश्यक श्रोत केन्द्रहरुसँग समन्वय गर्ने र प्राविधिक सेवाटेवा पुराउने काम गर्नेछन।

(४) कृषकहरुलाई बीउ, मल तथा स-साना औजार उपकरण उपलब्ध गराईनेछ।

(५) पाँच सय जना युवा उद्यमी कृषकहरुलाई समावेश गरिनेछ।

(६) आफ्नै वा अरुको जग्गा भाडामा लिइ खेती गर्न चाहने कृषकहरुलाई समावेश गरिनेछ।

१६. <u>खर्चको मापदण्ड</u> : पाँच सय जना कृषकहरुलाई बीउ, मल तथा स-साना औजार उपकरण उपलब्ध गराउन प्रति उद्यमी औषत ४ रोपनी (न्युनतम २ देखि अधिकतमा ६ रोपनीसम्म) प्रति रोपनी रु. ६,००० का दरले यस कार्यक्रमका लागि रु. १,२०,००,००० (अक्षरुपी एक करोड विस लाख) रकम खर्च हुनेछ।

१७. <u>भुक्तानी प्रक्रिया</u> : (१) स्थानीय तहको वडा कार्यालय वा कृषि प्राविधिकले कृषक छनौट तथा खेती गरिएको क्षेत्रफलको आधारमा भुक्तानीको लागि सिफारिस गर्नेछन।

(२) कृषकहरुलाई वेमौसमी आलुको खेती गर्न लाग्ने बीउ, मल र अन्य स साना औजार उपकरण खरिद गरेको बील र खेती गरेको क्षेत्रफलको आधारमा प्रति उद्यमी औषत ४ रोपनी (न्युनतम २ देखि अधिकतमा ६ रोपनीसम्म) प्रति रोपनी रु. ६,००० (अक्षरुपी छ हजार) का दरले प्रति कृषक बढिमा रु ३६,००० (अक्षरुपी छत्तिस हजार) मा नबढ्ने गरी कृषि ज्ञान केन्द्रबाट अनुदान रकम भुक्तानी हुनेछ।

## परिच्छेद-४

## <u>कोभिड लक्षित व्यावसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम</u>

१८. <u>पृष्ठभूमि</u> : कोभिड-१९ का कारण भविष्यमा बेरोजगारी बढ्ने र दीर्घकालमा खाद्य संकट पर्न सक्ने बढी प्रभावित भएका ज्यालादारी, मजदुर र साना कृषकहरुलाई सम्वोधन गर्ने उद्देश्यले पूर्वी रुकुम, रोल्पा, प्युठान, अर्घाखाँची, गुल्मी, पाल्पा र दाङ्ग जिल्लामा व्यावसायिक खेती प्रवर्द्धनबाट रोजगारी तथा आयआर्जनमा सघाउने र भारत लगायत विदेशबाट आउने तरकारी आयात घटाई व्यापार घाटामा पनि कम गराउन सकिनेछ।

१९. <u>कार्यक्रम सञ्चालन हुने कार्यक्षेत्र</u> : यस प्रदेश अन्तर्गत पूर्वी रुकुम, रोल्पा, प्युठान, अर्घाखाँची, गुल्मी, पाल्पा र दाङ्ग जिल्लाहरुका सवै स्थानीय तहहरु यो कार्यक्रम लागू हुनेछ।

२०. <u>कार्यक्रम सञ्चालन प्रक्रिया</u> : (१) यस कार्यक्रम स्थानीय तहहरु मार्फत सञ्चालन गरिनेछ।

(२) स्थानीय तहले अनुसूची-२ बमोजिमको सूचना आवश्यकता अनुसार टाँस वा प्रकाशन गरी अनुसूची-३ र ४ बमोजिमको निवेदन र प्रस्ताव माग बमोजिम कार्यक्रममा सहभागी हुन चाहने कृषक/उद्यमीहरु छनौट गरी कार्यक्रम सञ्चालन गर्नेछ।

(३) प्रत्येक स्थानीय तहबाट एकसय जनाका दरले यो कार्यक्रममा व्यावसायिक तरकारी खेती गर्न चाहने सातहजार जनालाई समावेश गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

(४) आफ्नै वा अरुको जग्गा भाडामा लिइ खेती गर्न चाहने र अन्य कुनै कार्यक्रमहरुमा मौका नपाएका कृषकहरुलाई समावेश गरिनेछ।

(५) ईच्छुक कृषकहरुले सम्बन्धित स्थानीय तहका वडा कार्यालयमा निवेदन दिन सक्नेछन।

२१. <u>कार्यक्रमको खर्च मापदण्ड</u> : (१) कार्यक्रममा समावेश हुनेले न्युनतम २ रोपनी वा ३ कठ्ठामा खेती गर्नु पर्नेछ।

प्रदेश सरकार
प्रदेश नं. ५

(२) सरकारको तर्फबाट उपलब्ध गराइने अनुदान रकम खरिद बीलको ७५ प्रतिशत भन्दा बढी हुनेछैन।

(३) व्यावसायिक तरकारी खेती गर्नको लागि आवश्यक पर्ने बीउ, मल, बिषादी, स-साना कृषि औजारहरु बाली संरक्षण सामग्री, स्प्रेयर र सिंचाइको लागि आवश्यक सामग्रीहरु खरिद गर्नु पर्नेछ।

(४) कार्यक्रममा सात हजार जना सहभागीहरुलाई प्रति अनुदानग्राही बढीमा रु २०,००० का दरले कुल रु. १४,००,००,००० (अक्षेरुपी चौध करोड) रकम खर्च गरिनेछ।

२२. <u>भुक्तानी प्रक्रिया</u> : (१) कोभिड-१९ बाट बढी प्रभावित भएको परिवारको १ जना सदस्य भन्दा बढी नहुने गरी प्राथमिकता दिई समावेश गरिनेछ।

(२) उपलब्ध गराइने अनुदान रकम खरिद बीलको ७५ प्रतिशत भन्दा बढी भूक्तानी गरिनेछ।

## परिच्छेद-५
## <u>विदेशबाट फर्केका र व्यवसाय उन्मुख कृषकहरुलाई कृषि विकास प्रोत्साहन कार्यक्रम</u>

२३. <u>पृष्ठभूमि</u>ः कोभिड-१९ को कारण वैदेशिक रोजगारीमा गइ भारत लगायत अन्य देशबाट फर्केका युवाहरु बढी प्रभावित भएकोले केहि वैदेशिक रोजगारमा गएका युवाहरु फिर्ता भैसकेका छन भने लकडाउन खुलेपछी अरु थप युवाहरु फर्कने अवस्था भएकोले ती युवाहरुलाई स्थानीय स्तरमा रोजगारीको व्यवस्था गर्नुपर्ने अवस्था छ। अहिलेको अवस्थामा औद्योगिक तथा सेवा क्षेत्रमा यति ठूलो समूहलाई रोजगारी सिर्जना हुने सम्भावना न्यून भएकोले कृषि क्षेत्र नै ग्रामीण रोजगारीको एक मात्र विकल्पको रुपमा रहेको छ। यसबाट रोजगारी सिर्जना हुने मात्र हैन भविष्यमा आउन सक्ने खाद्य संकटको समस्यालाई पनि यस कार्यक्रमले सहयोग गर्नेछ। यस कार्यक्रममा वैदेशिक रोजगारीबाट फर्केको र व्यावसायिक खेती गर्नेहरुलाई प्राथमिकता दिइ कार्यक्रम सञ्चालन गरिनेछ।

२४. <u>कार्यक्रम सञ्चालन हुने कार्यक्षेत्र</u> : यस प्रदेशका १२ जिल्लाहरु (पूर्वी रुकुम, रोल्पा, प्युठान, अर्घाखाँची, गुल्मी, पाल्पा, बर्दिया, बाँके, दाङ्ग, कपिलवस्तु, रुपन्देही र पश्चिम नवलपरासी) का स्थानीय तहहरु मार्फत यो कार्यक्रम सञ्चालन हुनेछ।

२५. <u>कार्यक्रम सञ्चालन प्रक्रिया</u> : (१) यो कार्यक्रम स्थानीय तहहरु मार्फत सञ्चालन गरिनेछ।

(२) स्थानीय तहले अनुसूची-२ बमोजिम सूचना आवश्यकता अनुसार टास वा प्रकाशन गरी अनुसूची-३ र ४ बमोजिमको निवेदन र प्रस्ताव माग बमोजिम कार्यक्रममा सहभागी हुन चाहने कृषक/उद्यमीहरु छनौट गरी कार्यक्रम सञ्चालन गर्नेछ।

(३) प्रत्येक स्थानीय तहबाट एक सय जनाका दरले यो कार्यक्रममा व्यावसायिक खेती गर्न चाहने र बाहिरबाट फर्केका युवालाई लक्षित गरी दश हजार नौ सय जनालाई समावेश गर्ने गरी यो कार्यक्रम सञ्चालन गरिनेछ।

(४) आफ्नै वा अरुको जग्गा भाडामा लिएर खेती गर्न चाहने र अन्य कुनै कार्यक्रमहरुमा मौका नपाएका कृषकहरुलाई प्राथमिकता दिइ समावेश गरिनेछ।

(५) यस कार्यक्रममा सहभागी हुन चाहनेहरुले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा निवेदन दिन सक्नेछन।

(६) सम्बन्धित वडा कार्यालयले परिवारको कुनै पनि सदस्य वैदेशिक रोजगारमा नभएको नेपाल भित्र सरकारी, अर्ध सरकारी वा निजी क्षेत्रमा रोजगारमा नभएको र स्वरोजगारबाट मासिक रु

प्रदेश सरकार प्रदेश नं. ५

१०,००० भन्दा बढी आम्दानी नभएको र हालैको कोभिड-१९ को कारण विदेशबाट फर्केको परिवारको प्रति परिवार १ जना भन्दा बढी नहुने गरी स्थानीय तहले प्राथमिकता दिनु पर्नेछ।

२६. <u>कार्यक्रम खर्च मापदण्ड</u> : (१) कार्यक्रममा सहभागी हुनेहरुले तरकारी खेती, फलफूल खेती, मौरीपालन, च्याउ खेती, कुखुरापालन, बंगुर वा बाख्रापालनको लागि आवश्यक पर्ने बीउ, पाठापाठी, मल, बिषादी, स-साना कृषि औजार, बाली संरक्षण सामग्री र स्प्रेयर सिंचाइको लागि आवश्यक सामग्रीहरु खरिद गर्नका साथै प्लाष्टिक घर, मौरि गोला, च्याउ घर र गोला खरिदको साथै खोर निर्माणमा प्रयोग गर्न सक्नेछन।

(२) कार्यक्रममा समावेश हुनेले ३ देखि ५ कठ्ठामा खेती गर्नु पर्नेछ।

(३) मौरिपालनको हकमा कम्तिमा ३ घार, च्याउ खेतिको हकमा कम्तिमा ५० गोला, कुखुरापालनको हकमा कम्तिमा ५० चल्ला, बंगुर तथा बाख्रापालनको हकमा कम्तिमा ५ वटा पाठापाठी पाल्ने कृषक कार्यक्रममा समावेश हुन सक्नेछन्।

(४) यस कार्यक्रममा दस हजार नौ सय जना व्यवसाय उन्मुख र विदेशबाट फर्केकाहरुलाई लक्षित गरेर सञ्चालन गरिनेछ।

(५) यो कार्यक्रममा अनुदानग्राहीले विल अनुसारको रकममा ७५ प्रतिशत नबढ्ने गरी रु. २०,००० (अक्षरुपी विस हजार) सम्मका दरले अनुदान प्राप्त गर्नेछन्।

(६) यस कार्यक्रममा दश हजार नौ सय सहभागीहरुलाई प्रतिअनुदानग्राही रु. २०००० (अक्षरुपी विस हजार) का दरले कूल रु. २१,८०,००,००० (अक्षेरुपी एक्काइस करोड असी लाख) रकम खर्च लाग्नेछ।

२७. <u>भुक्तानी प्रक्रिया</u> : (१) कार्यालयको तर्फबाट आवश्यक पर्ने बीउ, मल, बिषादी, स-साना कृषि औजार, बाली संरक्षण सामग्री र स्प्रेयर सिंचाइको लागि आवश्यक सामग्रीहरु खरिदका लागि उपलब्ध गराइने अनुदान रकम खरिद बीलको ७५ प्रतिशत मात्र भुक्तानी गरिनेछ।

(२) स्थानीय तहको वडा कार्यालय वा कृषि प्राविधिकले कृषक छनौट तथा खेती गरिएको क्षेत्रफलको आधारमा भुक्तानीको लागि सिफारिस गर्नेछन।

## परिच्छेद-६

## <u>दुग्ध उत्पादक कृषकलाई राहत अनुदान कार्यक्रम</u>

२८. <u>पृष्ठभूमिः</u> यस प्रदेश भित्रका विभिन्न जिल्लाहरुमा दैनिक ८ लाख लिटर दुध उत्पादन हुने अनुमान छ। यसको करिब आधाभाग घरायसी रुपमा खपत हुन्छ भने आधा भाग बजारीकरणमा आउंछ। तसर्थ सामान्य अवस्थामा दैनिक करिब ४ लाख लिटर दुध बजारमा आउंछ। तर हाल करिब आधा जस्तो दुध मात्र कारोवारमा छ भने ३० देखि ३५ प्रतिशत दुध क्रीम निकाल्ने र अन्य परिकार तयार गरी खपत भैरहेको छ भने १५ देखि २० प्रतिशत दुध त्यत्तिकै खेर गैरहेको छ। यसरी परिमाणको रुपमा झण्डे ७० हजार लिटर दुध खेर गैरहेको छ। रकमको रुपमा हिसाब गर्दा रु ५० प्रति लिटरका दरले पनि कृषकहरु दैनिक ३५ लाख नोक्सानी ब्यहोरी रहेका छन। यसरी लकडाउनको ४० दिनको कुरा गर्ने हो भने करीब १४ करोड नोक्सानी ब्यहोर्नुपर्ने स्थिति छ। यस्तो अवस्थामा दुग्ध उत्पादन कृषकहरुलाई सरकारले प्रोत्साहन नगर्ने हो भने कृषकहरु यस पेशा बाट नै पलायन हुने र भविष्यमा बेरोजगारी र गरिबी समेत बढेर जाने हुन सक्छ।

२९. <u>कार्यक्रम सञ्चालन हुने कार्यक्षेत्र</u> : कार्यक्रम लागु हुने स्थान प्रदेश अन्तर्गत १२ जिल्लाहरु (पूर्वी रुकुम, रोल्पा, प्युठान, अर्घाखाँची, गुल्मी, पाल्पा, बर्दिया, बाँके, दाङ्ग, कपिलवस्तु, रुपन्देही र पश्चिम नवलपरासी) हुनेछन।

३०. <u>कार्यक्रम सञ्चालन प्रक्रिया</u> : (१) यो कार्यक्रम पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय मार्फत सञ्चालन हुनेछ।

(२) यस कार्यक्रममा व्यावसायिक रुपमा दुध उत्पादन गर्ने र सहकारीमा आवद्ध कृषकहरुलाई समेटिने छ।

(३) कार्यालयले अनुसूची-१ बमोजिम सूचना आवश्यकता अनुसार प्रकाशन गरी अनुसूची-३ र ४ बमोजिमको निवेदन र प्रस्ताव माग गरी सोही प्रस्ताव बमोजिम छनौट गरी कार्यक्रम सञ्चालन गर्नेछ।

(४) नियमित रुपमा सहकारीमा दुध बिक्री गर्ने कृषकहरुलाई विगत ८ महिनामा सहकारीलाई दुध बुझाएको रेकर्डको औषत परिमाणलाई आधार मानी लकडाउनको अघिल्लो दिन सहकारीमा दुध बुझाएको परिमाण भन्दा बढी नहुने गरी लकडाउन अवधि वा ४० दिन जुन कम हुन्छ त्यसलाई आधार मानी राहत अनुदान उपलब्ध गराइने छ।

३१. <u>कार्यक्रमको खर्च मापदण्ड</u> : (१) यसरी लकडाउनको चालिस दिन अनुमान गर्दा ७०,००० (सत्तरी हजार) लिटर दुधमा प्रति लिटर १० रुपैया प्रति दिनको दरले रु २,८०,००,००० (अक्षेरुपी दुइ करोड असी लाख) राहत अनुदानको रुपमा खर्च हुने अनुमान छ।

३२. <u>भुक्तानी प्रक्रिया</u> : (१) निर्देशनालयले दुग्ध उत्पादन कृषकहरुलाई प्रोत्साहन गर्न यसरी खेर फाल्नु परेको ७०,००० लिटर दुधमा प्रति लिटर १० रुपैया प्रति दिनको दरले राहत अनुदान उपलब्ध गराउनेछ।

(२) नियमित रुपमा सहकारीमा दुध बिक्री गर्ने कृषकहरुलाई विगत ८ महिनामा सहकारीलाई दुध बुझाएको रेकर्डको औषत परिमाणलाई आधार मानी लकडाउनको अघिल्लो दिन सहकारीमा दुध बुझाएको परिमाण भन्दा बढी नहुने गरी लकडाउन अवधि वा ४० दिन जुन कम हुन्छ त्यसलाई आधार मानी कुल परिमाणको प्रति लिटर १० रुपैयाको दरले सहकारी मार्फत कृषकले पाउने गरी राहत अनुदान उपलब्ध गराइने छ।

## परिच्छेद-७

## <u>मासु उत्पादनको लागि कुखुरापालन गर्ने साना कृषकहरुलाई प्रोत्साहन अनुदान कार्यक्रम</u>

३३. <u>पृष्ठभूमि</u> : कोरोनाको विशेष परिस्थितिमा साना कृषकहरु व्यावसायिक दक्षताको अभाव बजारमा सहज पहुंच नपाइ बिचौलियामा भर पर्नुपर्ने कारण सधैं मर्कामा परेकोले साना कृषकहरु अझ ठूलो मारमा परेको अवस्था भएको हुनेछ। यस प्रदेश भित्र करिब साप्ताहिक ४ लाख ब्रोइलर कुखुरा मध्ये करिब ६० प्रतिशत पाँच सय भन्दा कम कुखुरा पाल्ने साना कृषकहरु रहेको देखिन्छ। अनुमानित ४० दिन लकडाउनको अवधिमा ब्रोइलर कुखुरापालक कृषकहरुले करिब एकानब्बे करोड क्षति व्यहोर्नु पर्ने अनुमान छ भने साना कृषकले मात्र करिब पचपन्न करोड नोक्सानी व्यहोर्नु पर्ने अवस्था देखिन्छ। करिब दुई हजार जना उद्यमी र कामदार समेत गर्दा यस पेशाबाट कम्तीमा पनि छ हजार जना मानिसको रोजगारी समेत धराशायी हुन सक्ने देखिएकोले यस्ता साना व्यवसायीलाई पेशामा टिकाइ

राख्न र ग्रामीण रोजगारी तथा आयआर्जनको हिसाबले यस क्षेत्रलाई प्रोत्साहन गर्नु पर्नेछ। निरन्तरको नोक्सानी पछि यी साना कृषकहरु पलायन हुने अवस्था आउन नदिन र ग्रामीण रोजगारी र आयआर्जनको साथै खाद्य तथा पोषण सुरक्षाको लागि यी साना ब्रोइलर कुखुरापालक कृषकहरुलाई कोभिडको प्रभाव कम गरी पेशामा टिकाइ राख्न प्रोत्साहन अनुदान दिनु पर्नेछ।

३४. <u>कार्यक्रम सञ्चालन हुने कार्यक्षेत्र</u>: कार्यक्रम लागु हुने स्थान प्रदेश अन्तर्गत १२ जिल्लाहरु (पूर्वी रुकुम, रोल्पा, प्युठान, अर्घाखाँची, गुल्मी, पाल्पा, बर्दिया, बाँके, दाङ्ग, कपिलवस्तु, रुपन्देही र पश्चिम नवलपरासी) हुनेछन्।

३५. <u>कार्यक्रम सञ्चालन प्रक्रिया</u> : (१) यो कार्यक्रम पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय मार्फत सञ्चालन हुनेछ।

(२) यस प्रदेश भित्रका पाँच सय भन्दा कम ब्रोइलरपालन गर्ने साना कृषकहरुको संख्या करिब दुई हजार जनालाई कार्यक्रममा समावेश गरिनेछ।

(३) कार्यालयले अनुसूची-१ बमोजिम सूचना आवश्यकता अनुसार टाँस वा प्रकाशन गरी अनुसूची-३ र ४ बमोजिमको निवेदन र प्रस्ताव माग बमोजिम कार्यक्रममा सहभागी हुन चाहने ब्रोइलरपालक कृषकहरु छनौट गरी कार्यक्रम सञ्चालन गर्नेछ।

(४) दुई हजार जना कृषकहरुले औषत एक पटकमा ३५० चल्ला पाल्ने अनुमान गर्दा करिब ७ लाख चल्ला पाल्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

३६. <u>खर्चको मापदण्ड</u> : (१) दुई हजार जना व्यवसायीलाई सरदर ३५० वटा चल्लाको लागि प्रति चल्ला रु. १०० (एक सय) का दरले कार्यालयले अनुदान उपलब्ध गराउदा करिब रु ७,००,००,००० (अक्षरुपी सात करोड) खर्च हुनेछ।

(२) लकडाउन भन्दा ५० दिन अघिको अवधिमा चल्ला खरिद गरी कुखुरापालन गर्ने कृषकलाई मात्र यो सुविधा उपलब्ध गराइने छ।

३७. <u>भुक्तानी प्रक्रिया</u> : (१) यस कार्यक्रममा व्यावसायिक रुपमा ब्रोइलर कुखुरा पालन गर्ने दर्ता भएका र ५०० भन्दा कम कुखुरा पालन गर्ने कृषकहरुलाई समेटिने छ।

(२) कार्यालयले लकडाउन भन्दा ५० दिन अघिको अवधिमा चल्ला खरीद गरेको बिल र स्थानीय तहको सिफारिस र खोरमा चल्ला राख्न र दाना औषधि तथा अन्य उत्पादन सामग्री खरिद गर्न चल्ला खरिद गरेको नयाँ बिलको आधारमा मात्र प्रति चल्ला रु. १०० भन्दा नबढ्ने गरी अनुदान रकम कृषकलाई भुक्तानी गरिनेछ।

## परिच्छेद-८

## <u>बालीको उत्पादन र उत्पादकत्व वृद्धिको लागि बीउ उत्पादक कृषक, कृषक समूह वा सहकारीलाई प्रोत्साहन कार्यक्रम</u>

३८. <u>पृष्ठभूमि</u> : प्रदेश नं. ५ अन्तर्गत विभिन्न बालीहरुको गरी अनुमानित दस लाख हेक्टरमा खेती हुने गरेकोले उन्नत बीउ उत्पादनलाई जोड दिन आवश्यक छ। राम्रो बीउ प्रयोग गर्ने हो भने उत्तिकै मेहनतमा पनि २० देखि २५ प्रतिशत उत्पादन बढाउन सकिन्छ र हालकै अवस्थामा पनि करिब रु साठी अरबको विभिन्न खाद्यान्न आयात गरी रहेको अवस्थामा भोली आउन सक्ने खाद्य संकटको समस्यालाई सम्बोधन गर्न गुणस्तरीय बीउको उपलब्धता बढाउनु आवश्यक छ। हाल कार्यरत र नयाँ

प्रदेश नं ५

बीउ उत्पादन समूह वा सहकारीलाई पनि प्रोत्साहन गरी भविष्यमा गुणस्तरीय बीउको उपलब्धता बढाउन बीउ उत्पादन समूह वा सहकारीलाई बीउ उत्पादन प्रोत्साहन कार्यक्रम सञ्चालन गर्न आवश्यक छ। नेपालको बीउ सम्बन्धी दुरदृष्टी, २०१५ अनुसार खाद्यान्न बालीको राम्रो उत्पादनको लागि कम्तीमा पनि २० देखि २५ प्रतिशत बीउ प्रतिस्थापन दर कायम गर्नु पर्छ। हाल बीउ प्रतिस्थापन दर १५ प्रतिशतको हाराहारी छ। धानको बीउ प्रतिस्थापन दर २५ प्रतिशत पुऱ्याउन धान बालीको लागि एक लाख हेक्टरमा र मकै बालीको लागि पचास हजार हेक्टरमा उन्नत बीउ लगाउनु पर्छ। यसको लागि पाँच हजार मे. टन बीउको आवश्यकता पर्दछ तर हाल उन्नत बीउको उपलब्धता करीब तीन हजार मे. टन मात्रै छ। तसर्थ थप दुई हजार मे. टन बीउ उत्पादन बढाउन दुई हजार बिगाहमा उन्नत बीउको खेती बिस्तार गर्नुपर्ने हुन्छ।

३९. <u>कार्यक्रम सञ्चालन हुने कार्यक्षेत्र</u>: यस प्रदेशका १२ जिल्लाहरु (पूर्वी रुकुम, रोल्पा, प्युठान, अर्घाखाँची, गुल्मी, पाल्पा, बर्दिया, बाँके, दाङ्ग, कपिलवस्तु, रुपन्देही र पश्चिम नवलपरासी) का स्थानीय तहमा यो कार्यक्रम सञ्चालन हुनेछन।

४०. <u>कार्यक्रम सञ्चालन प्रक्रिया</u> : (१) कार्यक्रम स्थानीय तह मार्फत सञ्चालन हुनेछ।

(२) कार्यक्रम बीउ उत्पादन गर्ने कृषक वा कृषक समूह वा सहकारीहरु मात्र सहभागी हुन सक्नेछन।

(३) स्थानीय तहले अनुसूची-२ बमोजिम सूचना आवश्यकता अनुसार प्रकाशन गरी अनुसूची-३ र ४ बमोजिमको निवेदन र प्रस्ताव माग बमोजिम कृषक समूह वा सहकारीहरु छनौट गरी कार्यक्रम सञ्चालन गर्नेछ।

(४) बीउ उत्पादन समूह वा सहकारीहरुले आँफुले खरिद गरेको मुल बीउ वा श्रोत बीउको बील राखेर बीउ उत्पादन गर्न लागेको बाली र क्षेत्रफल खुलाई कृषि ज्ञान केन्द्र वा स्थानीय तहको कृषि शाखाको सिफारिस साथ स्थानीय तहमा प्रोत्साहन अनुदानको लागि निवेदन साथ अनुदान माग गर्न सक्नेछन।

(४) बीउ उत्पादन गर्दा नेपाल सरकारले सिफारिस गरेको र पञ्जिकृत बीउ उत्पादनको लागि मात्र अनुदान दिइनेछ।

(५) कृषक समूह वा सहकारीले उत्पादित बीउ सम्बन्धित स्थानीय तह र आसपासका स्थानीय तहहरुमा मात्र बिक्री वितरण वा उपयोग गर्नु पर्नेछ।

(६) यसरी उत्पादित बीउ जिल्ला बाहिर पठाउन परेमा कृषि ज्ञान केन्द्र वा सम्बन्धित स्थानीय तहका कृषि शाखाको सिफारिसमा मात्र लैजान पाइनेछ।

(७) बीउ उत्पादक समूह सहकारीले प्रदेश सरकारको बीउ विजन प्रयोगशालाबाट आफ्नो बीउ बालीको खेत निरीक्षण गराउनुपर्नेछ र प्रयोगशालाले दिएको निर्देशन समूह सहकारीले पालना गर्नु पर्नेछ।

४१. <u>कार्यक्रमको खर्च मापदण्ड</u> : (१) धान, मकै, गहुँ, आलु र तरकारीको बीउ उत्पादन गर्दा अनुदान पाउन सकिनेछ।

(२) बीउ उत्पादक समूह सहकारीले प्रति रोपनी एक हजारका दरले अनुदान रकम खर्च हुनेछ।

प्रदेश सरकार प्रदेश नं ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

(३) बीउ उत्पादन समूह वा सहकारीले मुल बीउ वा श्रोत बीउ खरिद, रसायनिक मल, बिषादी र प्याकिंगको लागि चाहिने बोरा आदि खरिद गरेको बील संलग्न राखी स्थानीय तहमा भुक्तानी माग गर्न सक्नेछन।

(४) यस कार्यक्रममा सहभागी कृषकहरुलाई प्रति विघाह रु. २०,००० (अक्षरुपी विस हजार) / प्रति कठ्ठा रु. १,००० (अक्षरुपी एक हजार) का दरले कूल अनुमनित रु. ४,००,००,०००(अक्षरुपी चार करोड) सम्म खर्च हुनेछ।

४२. <u>कार्यक्रमको भुक्तानी प्रक्रिया</u> : (१) स्थानीय तहले मूल बीउ वा श्रोत बीउ खरिद, रसायनिक मल, बिषादी र प्याकिंगको लागि चाहिने बोरा आदि मुल बीउ वा श्रोत बीउ खरिद, रसायनिक मल, बिषादी र प्याकिंगको लागि चाहिने बोरा आदि खरिद गरेको सामग्रीको बीलको आधारमा कुल बिलको रकमको ७५ प्रतिशत वा प्रति कठ्ठा रु. १,००० (अक्षरुपी एक हजार) जुन कम हुन्छ सो बरावरको अनुदान रकम स्थानीय तहबाट भुक्तानी दिईनेछ।

(२) स्थानीय तहको वडा कार्यालय वा कृषि प्राविधिकले कृषक छनौट तथा खेती गरिएको क्षेत्रफलको आधारमा भुक्तानीको लागि सिफारिस गर्नेछन।

अनुसूची–१

प्रस्ताव आव्हानको सूचनाको ढाँचा

प्रदेश सरकार

प्रदेश नं. ५

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

...................निर्देशनालय

.............................

(प्रथम पटक प्रकाशित मितिः ....................)

चालू आ.व. ........मा यस ........को स्वीकृत कार्यक्रम अनुसार कोभिड विशेष कृषि कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक ................. .................ले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले कम्तिमा १५ दिन भित्र (मिति................गते भित्र) यस कार्यालयमा तपसिलको विवरण पेश गरी दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन वा सूचना टास गरिएको छ।

तपसिल विवरण

क) ................ कार्यक्रम ख) कार्यक्रम सञ्चालन हुने स्थान....... ग) पशु वा वालीको नाम........

घ) कोभिड विशेष कृषि कार्यक्रमको लागि मापदण्डः

| सि.नं. | विवरण | क्षेत्रफल वा संख्या | अनुदान रकम रु |
|---|---|---|---|
| १ | वेमौसमी आलु खेती प्रवर्द्धन कार्यक्रम | | |
| २ | दुग्ध उत्पादक कृषकलाई राहत अनुदान कार्यक्रम | ..................... | ..................... |
| ३ | मासु उत्पादनको लागि कुखुरापालन गर्ने साना कृषकहरुलाई प्रोत्साहन अनुदान | ..................... | ..................... |

ङ) पेश गर्नुपर्ने कागजातहरु

१. निवेदन फाराम

२. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्र वा विदेशबाट फर्केको भए प्रमाणपत्रको फोटोकपी

३. अनुसूची-४ अनुसारको प्रस्ताव ढाँचा

४. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र

अनुसूची–२

प्रस्ताव आव्हानको सूचनाको ढाँचा

...................कार्यपालिकाको कार्यालय

.............................

प्रदेश नं. ५, नेपाल

(प्रथम पटक प्रकाशित मितिः ....................)

चालू आ.व. ........मा यस ........को स्वीकृत कार्यक्रम अनुसार कोभिड विशेष कृषि कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक ................ .................ले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको कम्तिमा मितिले १५ दिन भित्र (मिति................गते भित्र) यस कार्यालयमा तपसिलको विवरण पेश गरी दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन वा सूचना टास गरिएको छ।

<u>तपसिल विवरण</u>

क) ............... कार्यक्रम ख) कार्यक्रम सञ्चालन हुने स्थान...... ग) पशु वा वालीको नाम........

घ) कोभिड विशेष कृषि कार्यक्रमको लागि मापदण्डः

| सि.नं. | विवरण | क्षेत्रफल वा संख्या | अनुदान रकम रु |
|---|---|---|---|
| १ | कोभिड लक्षित व्यावसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम | | |
| २ | विदेशबाट फर्केका र व्यवसायय उन्मुख कृषकहरुलाई कृषि विकास प्रोत्साहन कार्यक्रम | .................... | .................... |
| ३ | बालीको उत्पादन र उत्पादकत्व वृद्धिका लागि बीउ उत्पादक समूह वा सहकारीलाई प्रोत्साहन कार्यक्रम | .................... | .................... |

ङ) पेश गर्नुपर्ने कागजातहरु

१. निवेदन फाराम

२. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्र वा विदेशबाट फर्केको भए प्रमाणपत्रको फोटोकपी

३. अनुसूची-४ अनुसारको प्रस्ताव ढाँचा

४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

प्रदेश सरकार
प्रदेश नं ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

अनुसूची-३

प्रस्ताव पेश गर्नका लागि दिईने आवेदन-पत्रको ढाँचा

श्रीमान् कार्यालय प्रमुख ज्यू

..................... ।

**विषय: प्रस्ताव पेश गरिएको सम्बन्धमा।**

महोदय,

उपरोक्त सम्वन्धमा तहाँ .........................................................को मिति २०७ .../ ... /.... गतेका दिन .......... ..............................मा प्रकाशित सूचना वा सूचना टास अनुसार .............................. .............................. म/हामी निवेदकले .............................. ..............................कार्यक्रम अन्तर्गतको ............................................................................... कार्यक्रम सञ्चालन गर्न इच्छुक भई अनुसूची-४ मा उल्लेख भए अनुसारका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु/छौं।

आवेदकको दस्तखतः

आवेदकको नामः

ठेगानाः

मितिः

सम्पर्क नं.:

## अनुसूची-४
## कार्यक्रमको प्रस्तावको ढाँचा
### खण्ड (क)

१) प्रस्तावक सम्वन्धी विवरण:

| | |
|---|---|
| प्रस्तावकको नामः | |
| ठेगानाः | |
| सम्पर्क नं. | |
| नागरिकता नं...............जिल्ला.......... | |
| स्वामित्वमा रहेको जमिन | आफ्नै स्वामित्वको ........हे<br>करार/भाडामा............हे |
| खेती गरिने जमिन किसिम | आफ्नै स्वामित्वको<br>करार/भाडाको |

### खण्ड (ख)

२. उत्पादनमा संलग्न हुने कृषकहरुको विवरण

| क.सं. | कृषकको नाम थर | ठेगाना | बाली | गत बर्ष गरिएको खेती विवरण | | यस बर्ष गरिने खेती विवरण | |
|---|---|---|---|---|---|---|---|
| | | | | क्षेत्रफल (कट्ठा) | उत्पादन (क्विन्टल) | क्षेत्रफल (कट्ठा) | अनुमानित उत्पादन (क्विन्टल) |
| १ | | | | | | | |
| २ | | | | | | | |

### खण्ड (ग)
### प्रस्तावित कार्यको विवरण

३. प्रस्तावित कृयाकलापहरुः

| क .सं. | क्रियाकलाप | संख्या | क्षमता | जम्मा लागत | आवेदको लगानी | कैपियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

४. प्रस्तावित कार्यक्रम माग गर्नको कारण, औचित्य

५. उत्पादित बालीको बजार ब्यबस्थापन कसरी गरिनेछ

प्रस्तावकको तर्फबाट सही गर्नेको

नाम:

पद:

दस्तखत: मिति :

नोटः प्रस्तावको आवश्यकता अनुसार अन्य सान्दर्भिक बुँदाहरु थपघट गर्न सकिनेछ ।

## अनुसूची –५
## सम्झौता-पत्रको ढाँचा

.............................. ......................................मार्फत सञ्चालन गरिने आ.व. ....... को... .............. कार्यक्रम सञ्चालन गर्न (यस पछि पहिलो पक्ष भनिने), .............. ........ का .............. श्री/सुश्री/श्रीमती ........................ (यस पछि दोस्रो पक्ष भनिने) बीच मिति ................................. मा तपसिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता गरी दियौँ/लियौँ।

१. दोस्रो पक्षले सम्झौता भएको लगत्तै काम शुरु गर्नु पर्नेछ।

२. प्रथम पक्षले सुरुमा कार्यक्रम सञ्चालानार्थ स्वीकृत कार्ययोजना अनुसार कार्य सम्पन्न गरी कार्यविधिमा तोकिए बमोजिमका निवेदन, सक्कल बिल भरपाई लगायतका कागजात पेश गरे पश्चात अनुगमन गरी प्रतिवेदनका आधारमा दोस्रो पक्षलाई एसीपेयी चेक मार्फत रकम भुक्तानी दिइनेछ।

३. यस आर्थिक वर्ष .......मा अनुदानग्राहीलाई स्वीकृत कार्ययोजना अनुसार ........... क्षेत्रफलमा ........... बाली लगाउन आबश्यक उत्पादन सामग्री खरीदको लागि कूल लागत रु.............(अक्षरुपी................) मध्ये दोस्रो पक्षले रु.............(अक्षरुपी.........) व्यहोर्नु पर्ने र प्रथम पक्षले रु.................. (अक्षरुपी..............) उपलब्ध गराउनेछ।

४. प्रथम पक्षले कार्य प्रगतिको आधारमा भुक्तानी गरिनेछ। तोकिए अनुसारको परिमाण वा क्षेत्रफलमा काम नभएमा पैरे रकम भुक्तानी गर्न बाध्य हुने छैन।

५. स्वीकृत कार्ययोजना बमोजिमका सम्पूर्ण कार्यहरुको जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

६. दोस्रो पक्षले नियमित रुपमा प्रगति विवरण लगायत अन्य तथ्याङ्कहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।

७. प्रथम पक्षको तर्फबाट कार्यक्रमको अनुगमन कार्यमा सहयोग गर्नु दोस्रो पक्षको दायित्व हुनेछ।

८. कार्यक्रम सञ्चालनको क्रममा आउन सक्ने द्विविधाका विषयमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ।

९. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

नोटः सम्झौताका बुँदाहरु आवश्यकता अनुसार थपघट वा परिमार्जन गर्न सकिनेछ।

**दोस्रो पक्षको तर्फबाट**
हस्ताक्षरः
नामः
ठेगाना
छापः
**साक्षी**
हस्ताक्षरः
नामः
पदः

**प्रथम पक्षको तर्फबाट**
हस्ताक्षरः
नामः
पदः
कार्यालयको छापः
**साक्षी**
हस्ताक्षरः
नामः
पदः

इति सम्वत .......साल ....... महिना ....गते रोज .... शुभम्।

**नोटः द्विपक्षीय सम्झौतामा आवश्यकता मुताविकका सान्दर्भिक बुँदाहरु थपघट गर्न सकिनेछ ।**

प्रदेश सरकार
प्रदेश नं. ५
...ति व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

अनुसूची-६

**कोभिड १९ बाट सिर्जित विशेष परिस्थितिको सम्बोधन गर्न रोजगारी, आयआर्जन र खाद्य सुरक्षाको लागि कोभिड विशेष कृषि कार्यक्रम तथा वजेट**

| क्र.सं. | कार्यक्रम | कार्यक्रम सञ्चालन प्रक्रिया | राहत/अनुदानको मापदण्ड | अनुमानित खर्च रु | लक्षित वर्ग | कार्यक्रम सञ्चालन हुने जिल्ला | लाभान्वित संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | कृषि एम्बुलेन्स सञ्चालन कार्यक्रम | मन्त्रालयबाट अनुदानमा वितरण गरिएका ३४ वटा पिकअपलाई जिल्ला स्थित कार्यालय र स्थानीय तहहरुको समन्वयमा कृषि उत्पादन ढुवानी तथा बिक्री वितरण कार्य सहजीकरण गर्ने। | पिकअप परिचालन हुने दिन ड्राईभरलाई रु. १०००, भाडा बापत रु. २००० र ईन्धन रु. २००० मन्त्रालयबाट व्यहोर्ने। सरकारी साधन प्रयोग गर्दा ड्राइभरलाई नियमानुसार भत्ता र इन्धन मात्र व्यहोर्ने। | ३४ वटा पिकअप २० दिनका लागि रु. ३४ लाख। | कृषि उपज बिक्री नभएर खेर जाने अवस्थाका कृषकहरु | प्रदेश भर | ५०० |
| २ | बेमौसमी आलु खेती प्रवर्द्धन कार्यक्रम | खाद्य सुरक्षा र रोजगारी सृजना गरी आयआर्जनमा टेवा पुऱ्याउन पहाडी जिल्लाहरुमा बेमौसमी आलु उत्पादन कार्यलाई प्रोत्साहन गर्ने। | ४ जिल्लाका ५०० कृषकहरुलाई कम्तिमा औषत ४ रोपनी (२ देखि ६ रोपनी) जग्गामा आलु खेतीका लागी मल, बीउ लगायतका उत्पादन सामग्री खरिदमा प्रति रोपनी रु. ६००० का दरले अनुदान उपलब्ध गराउने। | जम्मा रु.१ करोड २० लाख। | आलु उत्पादक कृषकहरु | गुल्मी, प्यूठान, रोल्पा र रुकुम | ५०० |
| ३ | कोभिड लक्षित व्यावसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम | उत्पादित तरकारीको सहज आपूर्ति हुन नपाउदा मारमा परेका कृषकहरुलाई आगामी मौसमको तरकारी उत्पादन कार्यमा राहत दिने उद्देश्यले बीउ, मल तथा अन्य सामग्री खरिदका लागी प्रोत्साहन अनुदान दिने। | ७ जिल्लाका ७००० कृषकहरुलाई औषतमा ४ रोपनी (२ देखी ६ रोपनी) जग्गामा व्यावसायिक तरकारी खेती गर्ने कृषकहरुका लागि मल बीउ लगायत उत्पादन सामग्री खरिदमा प्रोत्साहन अनुदान दिने। | प्रति रोपनी रु ५००० का दरले कुल रकम रु. १४ करोड। | व्यावसायिक तरकारी कृषक | दाङ्ग, पाल्पा, अर्घाखाँची, गुल्मी, प्यूठान, रोल्पा र रुकुम (७ जिल्ला) | ७००० |
| ४ | विदेशबाट फर्केका र व्यवसायउन्मुख कृषकहरुलाई कृषि विकास प्रोत्साहन कार्यक्रम | कोभिड-१९ को कारण विदेशबाट फर्किए तथा व्यवसाय उन्मुख कृषकलाई ग्रामीण रोजगारी सिर्जना र आयआर्जनका लागि कृषि विकास प्रोत्साहन कार्यक्रम | प्रति कृषक न्युनतम ३ देखि ५ कठ्ठामा व्यावसायिक कृषि बालीहरु तरकारी खेती, फलफूल खेती, मौरीपालन, च्याउ खेती, कुखुरापालन, बंगुर वा बाख्रापालनको लागि बीउ पाठापाठी मल बिषादी तथा स-साना औजार उपकरण र अन्य उत्पादन सामग्री खरिदका गर्नका साथै प्लाष्टिक घर, मौरि गोला, च्याउ घर र गोला खरिद र खोर निर्माणमा प्रयोग गर्न | १०९०० कृषकका लागि प्रति कृषक बढीमा रु. २०००० (बीस हजार) का दरले जम्मा रु. २१८०००००० (एक्काइस करोड असी | विदेशबाट फर्केका र व्यावसाय उन्मुख कृषकहरु १०९०० जना | १०९ पालिका | १०९०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | १०९ पालिकाका एक एक सय जनालाई प्रति कृषक अधिकतम रु २०००० (बीस हजार) का दरले प्रोत्साहन अनुदान दिने। | लाख)। | | | |
| ५ | मासु उत्पादनको लागि कुखुरापालन गर्ने साना कृषकहरुलाई प्रोत्साहन अनुदान कार्यक्रम | बन्दाबन्दीका कारण उत्पादित मासुको सहज बिक्री वितरण हुन नपाउदा मारमा परेका यस प्रदेश भित्रका बढिमा ५०० ब्रोईलर कुखुरा पाल्ने साना कृषकलाई चल्ला तथा औषधि खरिद गर्न प्रोत्साहन अनुदान दिने। | बढिमा ५०० ब्रोईलर उत्पादक साना कृषकलाई चल्ला तथा औषधि खरिद गर्न चल्ला खरिद गरेको अघिल्लो बील र नयाँ लटका लागि खरिद गरेको पछिल्लो बीलका आधारमा प्रति चल्ला रु. १०० प्रोत्साहन अनुदान दिने। | ब्रोईलर कुखुरा पाल्ने २००० कृषकहरुलाई औषतमा ३५००० (पैतीस हजार) का दरले जम्मा रु. ७ करोड। | ब्रोईलर कुखुरा पाल्ने साना कृषक | प्रदेशभर | ६००० |
| ६ | दुग्ध उत्पादक कृषकलाई राहत अनुदान कार्यक्रम | बन्दाबन्दीका कारण उत्पादित दुधको सहज बिक्री वितरण नहुँदा मारमा परेका कृषकका लागि राहत अनुदान दिने। | दुध उत्पादक कृषकका लागि अघिल्लो ८ महिनाको बिक्रीको रेकर्ड हेरी ४० दिनको औषत ७० हजार लिटर दुधका लागि प्रति लिटर रु. १० प्रोत्साहन अनुदान दिने। | जम्मा रु २ करोड ८० लाख। | दुध उत्पादक साना कृषक | प्रदेशभर | १४००० |
| ७ | बालीको उत्पादन र उत्पादकत्व वृद्धिको लागि बीउ उत्पादक कृषक, कृषक समूह वा सहकारीलाई प्रोत्साहन कार्यक्रम | स्थानीय स्तरमा खाद्यान्न तथा तरकारी बीउको उपलब्धताका लागि बीउ उत्पादन कार्यलाई प्रोत्साहन गर्न प्रोत्साहन अनुदान दिने। | १२ जिल्लामा २० हजार बिगाहमा बीउ उत्पादन गर्नका लागि प्रति बिगाह रु. २० हजारका दरले बीउ मल स-साना कृषि औजार तथा अन्य उत्पादन सामग्री खरिदमा प्रोत्साहन अनुदान दिने। | जम्मा रु ४ करोड। | बीउ उत्पादक कृषक | प्रदेशभर | २५०० |
| | | जम्मा रकम एकाउन्न करोड चौध लाख रुपैया मात्र। | | ५१,१४,००,०००।०० | | | ४१४०० जना |

प्रदेश सरकार
प्रदेश नं ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल